☎०७८-४१०१२७, ४१०१२८

मध्यविन्दु नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

२०७३

प.सं. ०७८/०७९

च.नं. ३८०१

मध्यविन्दु नगरपालिका नगर कार्यपालिकाको कार्यालय चोरमारा, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल २०७३

मिति:- २०७९/३/६

श्री सहकारी संस्थाहरु सबै

मध्यविन्दु नगरपालिका नगरकार्यपालिकाको कार्यालय

नवलपरासी (ब.सु.पू)

**विषय : सहकारी संस्थाहरुको करचुक्ता सम्बन्धमा**

प्रस्तुत विषयमा सहकारी विभाग नयाँ वानेश्वर काठमाडौंको च.न. १३९० मिति २०७९/३/1 मा प्राप्त पत्र अनुसार नेपाल भरी रहेका विभिन्न प्रकृतिका सहकारी संस्थाहरुको यथार्थ तथ्याङ्कको अभावमा प्रभावकारी निति,योजना,कार्यक्रम निर्माण गर्न समस्या परेको हुनाले तथ्याङ्क प्राप्तिको लागि सहकारी संघ संस्थाहरुले भर्नुपर्ने समष्टिगत विवरण लगायतका अन्य नियमित रुपमा प्रविष्ट गर्नुपर्ने विवरणहरु प्रविष्टिका लागि COPOMIS system तयार गरी स्थानीय तह अनतरगत कार्य क्षेत्र भएका सम्पूर्ण सहकारी संस्थाहरुलाई COPOMIS ID वितरण गर्न विभागबाट नीति निर्देशन प्राप्त हुदै आए अनुसार यस मध्यविन्दु नगरपालिका भित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुले तुरुन्त ID लिनका लागी अनुरोध गरिएको छ,ID नलिई कार्य गर्ने सहकारी संस्थाहरुले आ.व. ०७८/०७९ को कर दाखिला गर्न नपाउने व्यवस्था विभागबाट जारी भएको हुनाले विभागबाट जारी पत्र यसै साथ संगलन छ जानकारी लिनुहुन अनुरोध छ ।

२०७९/३/६

विष्णु प्रसाद शर्मा

अधिकृत छैठौं

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email:
sahakaribivag@gmail.com
Website:
www.deoc.gov.np

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

(प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा)

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७८।७९
चलानी नं. : १२५०
प्राप्त पत्र संख्या र मिति :

नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग नयाँ बानेश्वर, का.

मिति:२०७९/०३/०१

श्री महानिर्देशकज्यू,
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ।

विषय: **COPOMIS मा सहकारीको सूचना अभिलेखीकरण गरेका संस्थाहरुको करचुक्ता सम्बन्धमा ।**

नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय र सम्वद्ध अन्य सरोकारवाला निकायहरुलाई नियमित एवं आवधिक रुपमा नेपालको सहकारी सम्बन्धी तथ्याङ्क आवश्यकता पर्ने व्यहोरा सर्वविदितै छ। हाल नेपालमा करिव ३०,००० को संख्यामा विभिन्न प्रकृतिका सहकारीहरु रहेका छन् । सहकारी क्षेत्रको यथार्थ तथ्याङ्कको अभावमा प्रभावकारी नीति, योजना, कार्यक्रम निर्माण गर्न समस्या परेको छ । सहकारी क्षेत्रको तथ्याङ्क प्राप्तिको लागि सहकारी संघ/संस्थाहरुले भर्नुपर्ने समष्टिगत विवरण लगायतका अन्य नियमित रुपमा प्रविष्टि गर्नुपर्ने विवरणहरु प्रविष्टिका लागि copomis system तयार गरी www.copomis.gov.np बाट संचालन गरिएको छ । सो सिस्टम विभागको वेभसाइट www.deoc.gov.np मा समेत राखिएको छ ।

सहकारी संघ/संस्थाहरुले उल्लेखित विवरण अविलम्व इन्ट्रि गर्न गराउनको लागि प्रदेश सहकारी रजिष्ट्रार, सबै स्थानीय तह, राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रिय संघ, प्रदेश सहकारी संघ, विशिष्टिकृत संघ, जिल्ला सहकारी संघहरु समेतलाई २०७९।०२।०९ गते परिपत्र मार्फत अनुरोध गरी सकिएको छ । अत: आगामी आर्थिक वर्षको सहकारी संघ/संस्थाहरुको कर चुक्ता प्रमाण पत्र प्रदान गर्ने क्रममा www.copomis.gov.np मासबै सहकारी संघ/संस्थाले आफ्नो सहकारी संघ/संस्थाको समष्टिगत विवरण अनिवार्य इन्ट्रि गरिसकेपछि सोही प्रणालिमा स्वत: सिर्जना हुने दाखिला नं.(Submission No.) सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश भईसकेपछि मात्र करचुक्ता प्रमाण पत्र दिने व्यवस्थाको लागि तहाँ मार्फत सबै आन्तरिक राजस्व कार्यालयहरुमा परिपत्र गरिदिनु भई सहकारी संघ/संस्थाको तथ्याङ्क प्राप्तिमा आवश्यक सहयोग, समन्वय र सहजिकरण गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार

**बोधार्थ:**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरवार
श्री अर्थ मन्त्रालय, राजस्व महाशाखा, सिंहदरवार
श्री राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरवार
श्री राष्ट्रिय सहकारी महासंघ लि., पुल्चोक, ललितपुर
श्री नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि, नयाँ बानेश्वर
श्री राष्ट्रिय सहकारी बैंक लि., कुपण्डोल
श्री नेपाल बहुउद्देश्यीय केन्द्रिय सहकारी संघ लि.,ललितपुर
श्री नेपाल कृषि सहकारी केन्द्रिय संघ लि., सानेपा, ललितपुर
श्री विशिष्टिकृत सहकारी संघ लि.,सबै
श्री प्रदेश सहकारी संघ लि. सबै
श्री जिल्ला सहकारी संघ लि. सबै
**- उल्लेख भए अनुसार समष्टिगत विवरण भर्न/भराउन अनुरोध गरिन्छ ।**